फोन नं. ०१०-५४१०८८

गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेशी, रसुवा

बागमती प्रदेश, नेपाल

## सामाजिक परिचालकको दरखास्त आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति:-२०७७/१०/०९

यस गाँउपालिकामा गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वियनका लागि एक जना सामाजिक परिचालक नियुक्त गर्न देहायका योग्यता पुगेका गोसाईकुण्ड गाउँपालिकाको स्थायी बासिन्दाहरुमध्येबाट प्रतिस्पर्धाका आधारमा उम्मेदवार छनौट गर्नु पर्ने भएकाले सामाजिक परिचालक भई काम गर्न इच्छुक र योग्य उम्मेदवारले देहायको शर्तहरुको अधिनमा रही यो सूचाना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक योग्यता तथा शर्तहरु**

- १८ बर्ष उमेर पूरा भएको, एस. एल. सी. वा सो सरह उत्तीर्ण भएको नेपाली नागरिक र आवश्यक सञ्चार सीप भएको हुनु पर्ने ।
- छनोट गर्दा लक्षित वर्ग भित्र पर्ने विपन्न आदिवासी, दलित, आदिवासी जनजाति एंव अन्य सामाजिक तथा आर्थिक रुपले विपन्न वर्गका आवश्यक योग्यता पूगेका महिला (बुहारी) मध्येबाट छनौट गरिनेछ ।
- उम्मेदवार कार्यस्थलमा प्रतिबद्धताका साथ खटिइ काम गर्न सक्ने र गरिबी निवारणको कार्यक्रममा प्रतिबद्धता भएको हुनु पर्नेछ ।
- सामाजिक परिचालकको पारिश्रमिक नेपाल सरकारको (म. प) बाट स्वीकृत गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन (संशोधन सहित) निर्देशिका, २०६६ ले तोके बमोजिम हुनेछ ।
- दरखास्त दिने अन्तिम मिति २०७७/१०/१५ गतेको कार्यालय समयसम्म रहने र परीक्षाको किसिम अन्तरवार्ता हुनेछ ।
- दरखास्त साथ शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।
- अन्तरवार्ताको समय मिति २०७७/१०/१६ गते दिनको १:०० बजे गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय स्याफ्रुवेशीं रसुवामा हुनेछ र अन्तरवार्तामा उपस्थित हुँदा उम्मेदवारले शैक्षिक योग्यता र नेपाली नागरिकताको सक्कल प्रमाणपत्र साथमा लिएर आउनु पर्नेछ ।

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत